# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया, मंसिर १६ गते, २०७९ साल

## भाग-२

**गुलरिया नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७९/०८/१६ मा जारि गरेको **संशोधन कार्यविधि**/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

**गुलरिया नगरपालिकाको "घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्र (प्रथम संशोधन) कार्यविधि, २०७९**

**आज्ञाले**

**रुपसिङ खत्री**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

# गुलरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्र (प्रथम संशोधन) कार्यविधि, २०७९

गुलरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्र कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि संशोधन गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “गुलरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्र (प्रथम संशोधन) कार्यविधि, २०७९” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. गुलरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्र कार्यविधि, २०७५ को दफा २ मा संशोधन** : गुलरिया नगरपालिकाको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्र कार्यविधि, २०७५ (यस पछि मुल कार्यविधि भनिएको) को दफा २(२) को सट्टा देहायको दफा २(२) राखिएकोछ,
१.उपदफा १ वमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसुची ५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा छानविन एवं जाँचवुझ गरी प्रतिवेदन पेश गर्न तपशील वमोजिमको समिति रहनेछ :

क) प्राविधिक शाखा प्रमुख संयोजक
ख) शहरी विकास उप शाखा प्रमुख सदस्य
ग) राजस्व शाखा प्रमुख सदस्य सचिव

२. मुल कार्यविधिको दफा २(३) को सट्टा देहायको दफा २(३) राखिएको,
दफा २(२) वमोजिमको छानविन एवं जाँचवुझ समितिवाट पेश भएको प्रतिवेदन सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागी तपशीलको समितिमा पेश गर्न लगाउनुपर्नेछ :

क) नगर प्रमुख अध्यक्ष
ख) नगर उप प्रमुख सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य
घ) योजना शाखा प्रमुख सदस्य
ङ) शहरी विकास उपशाखा प्रमुख सदस्य
च) प्राविधिक शाखा प्रमुख सदस्य सचिव

**३. मुल कार्यविधिको दफा ६ मा संशोधन** : (१) मुल कार्यविधिको दफा ६(१) पछि देहायको वाक्यांश थपिएको छ :
तर साविक जिल्ला विकास समितिको कार्यालयवाट जारी भएको “घ” वर्गको निर्माण व्यावसायी ईजाजतपत्रको नामसारी गर्न अनुसुची ५ वमोजिमको योग्यता अनिवार्य मानिने छैन ।
(२) मुल कार्यविधिको दफा ६(३) को सट्टा देहायको दफा ६(३) राखिएको छ :
उपदफा १ र २ को प्रक्रिया पुरा गरी पेश हुन आएको ईजाजतपत्रको अनुसुची २ मा उल्लेखित दस्तुर लिई दफा २(२) को समितिको सिफारिसको आधारमा दफा २(३) को समितिवाट नामसारीको लागी निर्णय गर्नुपर्नेछ ।

**४. मुल कार्यविधिको अनुसुची ५ मा संशोधन** : (१) मुल कार्यविधिको अनुसुची ५ को वुंदा नं. ३ मेशीन र उपकरणको सट्टा देहायको मेशीन र उपकरण राखिएको छ :

क) मिक्चर १(एक) थान
ख) Theodolite वा Level Machine १(एक) थान
ग) वाटर पम्प १ (एक) थान
घ) भाईब्रेटर १(एक) था

**आज्ञाले,**
**रुपसिङ खत्री**
**नि.प्रमुख प्रशासकीय अधिकृत ।**